बैठक संख्याः २४

मितिः२०८२/११/२७

समयः७:०० बजे

सिंजा गाउँपालिका नराकोट,जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपशिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिनन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं. ४ अध्यक्ष<br>का. वा. अध्यक्ष | ~~रन्जित बुढा~~<br>गोरे रोकाया | गोरे | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत | टेक बहादुर शाही | | |

निर्णय नं १: सिंजा गाउँपालिकामा कर्णाली प्रदेश समपुरक र विशेष अनुदान अन्तरगत स्थानीय तहबाट आर्थिक वर्ष २०८३/०८४ मा सञ्चालन गरिने देहाय बमोजिमका आयोजनाहरु छनोट गर्ने निर्णय गरियो ।

समपुरक अनुदान अन्तरगत:

(क) चङखु चाँगा खेलमैदानको तटबन्द निर्माण, सिंजा २ ,

(ख) गोरा गाउँदेखी भाङ्गाउँसम्म सडकको स्तरवृद्धि र ढल निकास ,सिंजा ५ र ६,

(ग) नराकोट स्वास्थ्य चौकि देखि बिराडाडासम्म सडकको ढल निकास, सिंजा ३,

विशेष अनुदान अन्तरगत:

(क) सिंजा बहुमुखी क्याम्पसको घेरवार र पर्खाल निर्माण,सिंजा १

(ख) शान्तिजन आ.वि. काडागाउँ विद्यालयको घेरवार, सिंजा ६

(ग) शान्ति आ.वि. विद्यालयको घेरवार र खानेपानी, सिंजा ४,

निर्णय नं २: सिंजा गाउँपालिकामा आधारभुत तह कक्षा ८ को वार्षिक परीक्षा २०८२ सञ्चालन गर्ने प्रयोजनार्थ तपसिल बमोजिमको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

(क) श्री टेक बहादुर शाही -संयोजक

(ख) मान बहादुर रोकाया –सदस्य

(ग) दिपराज रोकाया –सदस्य

(घ) भिम रोकाया-सदस्य

(ङ) शंकर धिताल- सदस्य सचिव

निर्णय नं ३: सुस्वा आयोजना अन्तरगत आगामि आ.व. २०८३/०८४ को लागि जम्मा बजेट रु. ९,१५,१८,९०५।– बाट सञ्चालन हुने आयोजना र कार्यक्रमहरुमा सिंजा गाउँपालिकाको योगदान रकम रु. ४७,३४,१५९.०५।– लागत सहभागिता व्यहोर्ने प्रतिवद्धता गरियो ।

निर्णय नं ४: सिंजा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको जिम्मा लिएको श्री बिजयी आर .एन. त्रि. जेभि. संखमुल ललितपुर ठेक्का नं SRM/W/NCB/01/079/८० को निर्माण कार्यको लागि रकम सुनिश्चितका कारणले दोस्रो पटको म्याद थप गरिएको अवधि २०८२/०८/३० सम्म सम्पन् नभएको र हाल निर्माण व्यवशायीले भवन निर्माणको कार्य दुर्त रुपले अगाडी बढाएकाले सार्बजनिक खरिद

ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम २०८३ साल अषाढ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ५:</u> सिंजा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको क्रममा दैलख जिल्ला गुँराउ गाउँपालिका वडा नं ३ श्री थिर बहादुर शाहीको छतबाट खसि गम्भिर घाइते भई उपचारको क्रममा कर्णाली स्वास्थ्य प्रतिष्ठानमा लिदै गर्दा विच बाटोमा मृत्यु भएकोले मृतकको परिवारलाई राहत [illegible] रु.२५,०००।- प्रदान गर्ने निर्णय गरियो ।

<u>निर्णय ६:</u> सिंजा गाउँपालिकाको सत्रौ हिउदे अधिवेशन २०८२।१२।०४ गते सिंजा गाउँपालिकाको कार्यालयमा गर्ने निर्णय गरियो ।


<u>निर्णय नं ७:</u> सिंजा गाउँपालिकामा मिति २०७९साल आशिन १९ देखि २४ सम्मको अभिरल वर्षाका कारणले क्षति भएका घर धुरिबाट लाभग्रही काएम भएका र पहिलो किस्ताको रकम भुक्तानी नभएका घरहरुको प्राप्त प्राविधिक र अनुगमन प्रतिवेदन बमोजिम रकम भुक्तानी गर्ने र दोस्रो किस्ताको रकम प्राप्तिका लागि जिल्ला विपत व्यवस्थापन समितिबाट अनुगमन गर्नको लागि अनुरोध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ८:</u> सिंजा गाउँपालिका हलिया मुक्त समाज नेपालको कार्यविधि २०८२ पारित गर्ने निर्णय गरियो ।

<u>निर्णय नं ९:</u> सिंजा गाउँपालिकामा कार्यरत करार सेवाका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने निर्णय गरियो ।

<u>निर्णय नं १०:</u> सिंजा गाउँपालिकाबाट चालु आ.व. २०८२/०८३ मा स्वीकृत भएका आयोजना र कार्यक्रमहरुको दोस्रो चौमासिक अन्त्यसम्म पनि पुँजिगत खर्च लक्ष्य अनुसार नभएकाले ६ वटै वडा कार्यालय र सम्बन्धित निर्माण व्यवसायीहरुले २०८२ साल चैत्र १५ गतेभित्र सम्झौता गरिसक्नु पर्ने निर्णय गरियो ।

<u>निर्णय नं ११:</u> सिंजा गाउँपालिकाको कार्यपालिकाको बैठकबाट यस अघि भए गरेका निर्णयहरु नियम अनुसार कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।



निर्णय नं. १२. कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, पशु सेवा बिभाग मार्फत सिंजा गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम (संघीय शसर्त अनुदान कार्यक्रम) अनुसार प्रदेश तथा स्थानीय तहमा शसर्त बित्तिय हस्तान्तरण भएका पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन कार्याविध २०८२ बमोजिम तपसिलका कार्यक्रम सिंजा गाउँपालिकाको तपसिलको क्षेत्र र समूह संख्यामा संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम लागु हुने क्षेत्र | छनोट हुने समूह संख्या |
|---|---|---|---|
| १ | चरन/खर्क सुधार कार्यक्रम | वडा नं. ५ र ६ | २ |
| २ | भेडा प्रवर्द्धन कार्यक्रम | वडा नं. ६ | १ |

निर्णय नं. १३. सिंजा गाउँपालिकाको वडा नं. १ को वडा कार्यालयको प्रशासनीक भवन निर्माणको लागि चालु आ.व.मा रु ५० लाख मात्र विनियोजन भएको र उक्त भवन निर्माणका लागि लागत अनुमान तयार गर्दा रु १ करोड ५० लाख कायम भएकाले उक्त भवन नमार्णका लागि बहुवर्षिय ठेक्का आह्यनका लागि नपुगहुने रु १ करोड आगामि आ.व. २०८३/०८४ को बजेटबाट बेहोर्ने प्रतिवद्धता सहित बहुवर्षिय ठेक्का आह्यनगर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।